# अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा अनुदान सम्बन्धी कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१।०६।०८

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल
२०८१

# अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा अनुदान सम्बन्धी कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१।०६।०८

प्रस्तावनाः

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क हुने संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा उतारी शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न, सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रुपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्न वाञ्छनीय भएकोले विनियोजन ऐन, २०८१ को दफा ११(२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा अनुदानसम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनिवार्य शिक्षा" भन्नाले नेपाल सरकारद्वारा तोकिएको उमेर समूहका बालबालिकालाई विद्यालय वा वैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पूरा गर्ने बाध्यकारी व्यवस्थालाई सम्झनु पर्दछ ।

(ख) "आधारभूत शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा आठसम्मको विद्यालय शिक्षा सम्झनु पर्दछ ।

(ग) "स्थानीय सरकार" भन्नाले जिल्ला समन्वय समिति, महनगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका समेतलाई सम्झनु पर्दछ ।

(घ) "निर्देशनालय" भन्नाले बागमती प्रदेश सरकार शिक्षा विकास निर्देशनालयलाई सम्झनु पर्दछ ।

(ङ) "निःशुल्क शिक्षा" भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असुल नगरी दिइने शिक्षालाई सम्झनु पर्दछ ।

(च) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।



बद्रीनाथ गैह्रे
प्रदेश सचिव

## परिच्छेद-२

## उद्देश्य, शर्त, छनोट प्रक्रिया र मापदण्ड

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) अनिवार्य तथा निःशुल्क शिक्षा लागु गर्नका लागि स्थानीय तह छनोटका आधार तथा मापदण्ड तयार गर्नु

(ख) अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाका आधारहरु तयार गर्नु,

(ग) तोकिएको उमेर समूहका बालबालिकाहरुलाई विद्यालय वा अन्य वैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पूरा गर्ने वातावरण सिर्जना गर्नु,

४. शर्तः अनिवार्य तथा निःशुल्क शिक्षा लागु गर्न प्रस्ताव पेस गर्ने स्थानीय तहले देहाय बमोजिमको शर्तहरु पालना गर्नुपर्नेछः-

(क) चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई प्रत्येक स्थानीय तह मार्फत आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा प्रदान गर्ने प्रयोजनार्थ सम्वन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्र देहायको विवरण खुलाई अनुसूचि १ को ढाँचामा प्रस्ताव पेस गर्नुपर्नेछः-

- निरक्षर नागरिक
- अपाङ्गताको प्रकृति अनुसार अपाङ्गता भएका बालबालिका

(ख) सम्बन्धित गाउँ/नगर शिक्षा समितिको निर्णय

(ग) आफ्नो क्षेत्र भित्र यसै आ.व. मा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने सम्बन्धित स्थानीय तहको प्रतिबद्धता सहितको निर्णय

(घ) अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा सम्वन्धी प्रस्तावित कार्यक्रमको क्षेत्र अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनुपर्नेछ,

(ङ) प्रस्तावित कार्यक्रम, बजेट तथा कार्ययोजना सहित तोकिएको ढाँचामा आवेदन दिनुपर्नेछ ।

५. **छनोट प्रक्रियाः** (१) दफा ४ बमोजिमका शर्त पूरा गरेका स्थानीय तहलाई अनिवार्य तथा निःशुल्क शिक्षा घोषणासम्बन्धी अनुदानका लागि छनोट गर्दा देहायका प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(क) दफा ४ बमोजिमका शर्त पूरा गरेका स्थानीय तहहरूले अनुदानका लागि अनुसूची -१ मा तोकिएको ढाँचा र कागजातहरू संलग्न गरी आवेदन पेस गर्न निर्देशनालयले कम्तीमा १५



बद्रीनाथ गैहे
प्रदेश सचिव

दिनको सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा र निर्देशनालयको वेवसाइटमा प्रकाशित गर्ने,

(ख) दफा ५ (क) बमोजिम प्रकाशित सूचना बमोजिम स्थानीय तहले तोकिएको ढाँचा बमोजिम प्रस्ताव तयार गरी शिक्षा विकास निर्देशनालय, वामगती प्रदेशमा वा सम्वन्धित स्थानीय तह सेवा क्षेत्र भित्रको सामाजिक विकास मन्त्रालय अन्तरगतको सामाजिक विकास कार्यालयमा प्रस्ताव पेश गर्न सक्ने ।

(ग) बुदाँ ( ख) बमोजिम प्राप्त प्रस्तावनाको जाँचबुझ तथा मूल्याङ्कन गरी दफा ४ बमोजिमका शर्त पूरा गरेका स्थानीय तहमध्ये दफा ७ बमोजिमको मापदण्ड अनुसार योग्यता क्रममा क्रमश सवैभन्दा बढी अङ्क प्राप्त गर्ने स्थानीय तहवाट क्रमश घट्दो अंङक प्राप्त गर्ने स्थानीय तहहरु छनोट गर्ने,

(घ) दुई वा दुईभन्दा बढी स्थानीय तहको अङ्क बराबर भएमा कम खुद भर्ना दर (NER) भएको स्थानीय तहलाई छनोट गर्ने ।

६. **प्रस्तावना जाँचबुझ तथा मूल्याङ्कन समितिः** (१) यस समितिमा निम्नानुसारका पदाधिकारीहरू रहने छन्:-

(क) महानिर्देशक, शिक्षा विकास निर्देशनालय — संयोजक

(ख) प्रमुख, योजना तथा शिक्षा विकास महाशाखा, मन्त्रालय – सदस्य

(ग) निर्देशनालय रहेको जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई प्रमुख – सदस्य

(घ) निर्देशनालय रहेको जिल्लाको स्थानीय तहको शिक्षा महाशाखा/शाखा प्रमुख -सदस्य

(ङ) निर्देशनालयको योजना हेर्ने महाशाखाको निर्देशक — सदस्य-सचिव

(२) समितिले आवश्यकतानुसार सम्बन्धित विषयको विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) बैठक सम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको काम, कर्तव्य र अधिकारः प्रस्ताव जाँचबुझ तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) दफा ५ बमोजिम कार्यक्रम कार्यान्वयनका लागि सूचना आह्वान गर्ने,

(ख) दफा ७ बमोजिम मापदण्डको आधारमा स्थानीय तह छनोट गरी अनुदान प्रदान गर्नको लागि निर्देशनालय समक्ष सिफारिस गर्ने ।



बद्रीनाथ पौडेल
प्रदेश सचिव

७. छनोटका मापदण्डहरू : (१) अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा सम्बन्धी प्रस्ताव पेस गर्ने स्थानीय तह छनोट गर्दा तपसिलका मापदण्डका आधारमा ३० ओटा छनोट गरिनेछः-

(क) आधारभूत तह (कक्षा १-८) :२० अङ्क

१. बागमती प्रदेशको कक्षा १-८ को खुदभर्ना दर ९६.१० वा सो भन्दा कम भएमा -२० अङ्क

२. बागमती प्रदेशको कक्षा १-८ को खुदभर्ना दर ९६.१० भन्दा माथि भएमा -१० अङ्क

(ख) भौगोलिक क्षेत्र : २० अङ्क

१. गाउँपालिका भएमा - २० अङ्क

२. नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका भएमा - १५ अङ्क

(ग) लागत साझेदारी गर्ने गरी प्रस्ताव भएमा- १० पूर्णाङ्क

१. साझेदारी गर्ने रकम समेत उल्लेख गरी प्रस्ताव गरेमा -१० अङ्क

२. कार्यक्रम कार्यान्वयन गर्ने गरी मात्र प्रस्ताव गरेमा - ५ अङ्क

८. <u>कार्यक्रमको सम्झौता एवम् अनुदान निकासाः</u> (१) दफा ७ बमोजिमको मापदण्ड पुरा गरी दफा ६ बमोजिमको समितिबाट छनोटका लागि सिफारिस भएका सम्बन्धित स्थानीय तह र शिक्षा विकास निर्देशनालयबीच अनुसूची- ३ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता हुनेछ।

(२) सम्झौताको दुई प्रति तयार गरी एक प्रति सम्वन्धित स्थानीय तहमामा र एक प्रति शिक्षा विकस निर्देशनालयमा रहनेछ।

(३) दफा ७ बमोजिम छनोट भई सम्झौता गरिएका स्थानीय तहलाई कार्यक्रम कार्यान्वयन गरी अनिवार्य तथा निशुल्क शिक्षा घोषणा गर्नका लागि प्रस्तावसमेतलाई आधार मानि गाँउपालिकाको हकमा रु. २५ र नगरपालिकाको हकमा ३० लाख सम्म अनुदानका रुपमा सम्झौता वमोजिम सम्वन्धित स्थानीय तहको खातामा रकम निकासा गर्ने ।

(४) स्वीकृत अनुदान बजेटको बढीमा ७० प्रतिशत पहिलो किस्तामा र बाँकी रकम अन्तिम किस्तामा निकासा गरिनेछ।

(५) कार्यक्रमको प्रगति प्रतिवेदन, सम्बन्धित क्षेत्रको प्राविधिकको प्रतिवेदन, खर्चको विल भरपाईहरुको प्रमाणित प्रतिलिपि र सम्झौतामा तोकिएको शर्त बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गरि प्रतिवेदनसहित आवश्यक कागजातहरु संलग्न गरी २०८२ असारको पहिलो हसाभित्र माग गरी सक्नु पर्नेछ।

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

## परिच्छेद-३

## अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा प्रक्रिया तथा आधारहरु

९. प्रक्रिया तथा आधारहरुः अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाका प्रक्रिया तथा आधारहरु देहाय बमोजिम हुनेछन्:-

(क) घरधुरी सर्वेक्षण गरी विद्यालय बाहिर रहेका बालबालिका पहिचान गर्ने,

(ख) पहिचान भएका बालबालिकाको प्रकृति अनुसार विभिन्न कार्यक्रमहरुको व्यवस्था गरी पायक पर्ने विद्यालय/विशेष शिक्षा कक्षा/वैकल्पिक शिक्षा/अनौपचारिक तथा खुल्ला शिक्षामा भर्ना गराई नियमित पठनपाठनको व्यवस्था गर्ने,

(ग) विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नभएको कुरा वडा शिक्षा समितिको बैठकबाट सुनिश्चित गर्ने,

(घ) विद्यालय बाहिर कुनै पनि बालबालिका नरहेको कुरा सुनिश्चित भए पश्चात् वडा शिक्षा समितिबाट सार्वजनिक कार्यक्रमको आयोजना गरी वडास्तरीय अनिवार्य तथा निःशुल्क शिक्षा लागु भएको घोषणा गर्ने,

(ङ) स्थानीय तहको सबै वडाहरुबाट अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा भए पश्चात् गाउँ/नगर शिक्षा समितिको निर्णय गरी सार्वजनिक कार्यक्रमको आयोजना गरेर स्थानीय तह स्तरीय अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने ।

## परिच्छेद-४

## सम्बद्ध निकायहरुको भूमिका

१०. मन्त्रालयको भूमिकाः कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गर्ने

(ख) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने

(ग) कार्यक्रमको प्रभावकारिताका लागि नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित स्थानीय सरकारसँग आवश्यक समन्वय गर्ने

(घ) कार्यक्रमको नतिजामुखी अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययन सम्बन्धी कार्य गर्ने, गराउने

(ङ) कार्यक्रमको प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक निर्णय गर्ने ।



बद्रीनाथ गैहे
सचिव

११. **शिक्षा विकास निर्देशनालयको भूमिका**: कार्यक्रम कार्यान्वयनका लागि शिक्षा विकास निर्देशनालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत कार्यविधि अनुसार सूचना प्रकाशन गरी स्थानीय तहबाट प्रस्ताव माग गर्ने

(ख) प्राप्त प्रस्तावको जाँचबुझ तथा मूल्याङ्कन गर्ने, गराउने

(ग) मूल्याङ्कन भएका प्रस्तावहरु प्राथमिकता सहित प्रस्ताव जाँचबुझ तथा मूल्याङ्कन समितिमा पेस गर्ने

(घ) कार्यविधिमा निर्धारण भएको प्रावधान बमोजिम कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने, गराउने ।

१२. **सामाजिक विकास कार्यालयको भूमिका**:

(क) कार्यक्रम कार्यान्वयनका शिक्षा विकास निर्देनालयको निर्देशन अनुसार आवश्यक समन्वय र सहजीकरण गर्ने

(ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने, गराउने

(ग) आफ्नो सेवा क्षेत्र भित्र अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनका लागि स्थानीय तह र अन्य सम्बन्धित संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने

(घ) मन्त्रालय र निर्देशनालयले तोकेका अन्य कार्यहरु गर्ने ।

१३. **शिक्षा विकास तथा समन्वय इकाइको भूमिका**:

(क) कार्यक्रम कार्यान्वयनका जिल्लाभित्रका स्थानीय आवश्यक समन्वय र सहजीकरण गर्ने

(ख) नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने, गराउने

(ग) आफ्नो सेवा क्षेत्र भित्र अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनका लागि स्थानीय तह र अन्य सम्बन्धित संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने

(घ) मन्त्रालय र निर्देशनालयले तोकेका अन्य कार्यहरु गर्ने ।

१४. **गाउँ/नगर शिक्षा समितिको भूमिका**: कार्यक्रम कार्यान्वयनका लागि गाउँ/नगर शिक्षा समितिको भूमिका देहाय बमोजिम हुनेछः-

(क) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नीति, योजना, कार्यक्रम तय गर्ने



बद्रीनाथ गैहे
प्रदेश सचिव

(ख) निर्देशनालयबाट उपलव्ध हुने अनुदान र आफ्नो स्रोतबाट प्राप्त हुने वजेट प्रचलित कानून वमोजिम अनुसुची २ वमोजिमका शीर्षकमा वजेट वाडफाँट गरी स्वीकृत गर्ने

(ग) सम्बन्धित वडा शिक्षा समितिलाई आफ्नो वडाको क्षेत्रभित्रका बालबालिकाहरुको दफा ४ (क) अनुसारको विवरण वार्षिक रुपमा लिई अध्यावधिक गर्न लगाउने,

(घ) स्थानीय तहमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरुसँग समन्वय गर्ने,

(ङ) संघीय एवं प्रदेश सरकारका विषयगत मन्त्रालयहरु तथा अन्तर स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(च) सबै वडामा अनुसूची -३ मा उल्लेखित कार्यक्रमका क्षेत्रहरुलाई समेटी कार्यक्रम सञ्चालन गर्न स्रोत, साधनको परिचालन गर्ने गराउने,

(छ) वडा शिक्षा समिति मार्फत वडामा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्न सहजीकरण गर्ने,

(ज) सबै वडामा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा भए पश्चात् स्थानीय तह स्तरमा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने, गराउने,

(झ) कार्यक्रम कार्यान्वयनको अनुगमन/मूल्याङ्कन गरी सोको प्रतिवेदन स्थानीय तहमा पेस गर्ने।

१५. **वडा शिक्षा समितिको भूमिकाः** कार्यक्रम कार्यान्वयनका लागि वडा शिक्षा समितिको भूमिका देहाय वमोजिम हुनेछः-

(क) आफ्नो वडा भित्रका बालबालिकाहरुको दफा ४(क) अनुसारको विवरण वार्षिक रुपमा लिई अध्यावधिक गर्ने,

(ख) आफ्नो वडामा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम लागु गर्नका लागि आवश्यक कार्यक्रम, बजेटको व्यवस्था गर्ने,

(ग) गाउँ/नगर शिक्षा समितिबाट प्राप्त कार्यक्रमहरु विद्यालय मार्फत कार्यान्वयन गर्ने, गराउने,

(घ) आफ्नो वडामा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनको अनुगमन/मूल्याङ्कन गरी सोको प्रतिवेदन गाउँ/नगर शिक्षा समिति समक्ष पेस गर्ने ।

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

## परिच्छेद-५
## कार्यक्रम सञ्चालन विधि र पालना गर्नुपर्ने शर्तहरू

१६. अनुसूची -३ मा उल्लेख भएका कार्यक्रमका क्षेत्रभित्र रही कार्यक्रम, बजेट तथा कार्ययोजना सहित तोकिएको ढाँचामा आवेदन दिनुपर्नेछ,

१७. स्थानीय तहको आर्थिक कार्यविधि ऐन तथा नियमावलीले खर्चको नर्म्स प्रयोग गरी निर्देशनालयले बजेटको सीमाभित्र रही सम्झौता अनुसारका कार्यक्रमहरु सञ्चालन गर्नु गराउनु पर्नेछ,

१८. सम्झौता अनुरुपको कार्य सुरु भए पश्चात् निर्देशनालयले सम्झौतामा उल्लेख भए बमोजिम पहिलो किस्ता बापत अनुदान रकमको बढीमा ७०% सम्म रकम पेश्की स्वरुप स्थानीय तहको खातामा निकासा दिइनेछ,

१९. स्थानीय तहको उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा सम्बन्धित वडाको वडाध्यक्ष सहित बढीमा पाँच जना सदस्यहरु रहने गरी एक अनुगमन समिति गठन गर्नुपर्नेछ । यस समितिले अनुगमन योजना बनाई नियमित रूपमा पृष्ठपोषण दिने र कार्यसम्पन्न प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नुपर्नेछ ।

२०. २०८२ को असारको पहिलो हप्तासम्म कार्यसम्पन्न गरी बाँकी रकम माग गर्दा निम्न कागजातहरू पेस गर्नुपर्नेछः-

(क) सञ्चालन गरिएको कार्यक्रमको माइन्युट, बिल भरपाई,

(ख) अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाको माइन्युट,

(ग) सञ्चालन भएका क्रियाकलापहरू र खरिद गरी स्थापना गरिएको सामानहरूको फोटो,

(घ) कार्य सम्पन्न गर्दा गरेको सम्पूर्ण कामको रकम सहितको कार्य सम्पन्न प्रतिवेदन ।

२१. सम्झौतामा उल्लिखित शर्तको अधीनमा रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । योजनाको प्रस्तावित कार्ययोजना बमोजिम कार्य नगरेमा दोस्रो किस्ता बापतको रकम निकासा हुने छैन ।

## परिच्छेद-६
## विविध

२२. **विवरण पठाउनु पर्ने:** सम्बन्धित स्थानीय तहले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी भए गरेका सम्पूर्ण कार्यक्रमको विवरण शिक्षा विकास निर्देशनालय र सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ ।

२३. **खर्च व्यवस्थापनः** कार्यक्रम सञ्चालनका लागि मापदण्ड तयारी, बैठक तथा सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्यमा भएको अत्यावश्यक खर्च सम्बन्धित कार्यक्रम शीर्षकवाट व्यवस्थापन गर्न सकिनेछ ।



बद्रीनाथ गैह्रे
प्रदेश सचिव

२४. **लेखा तथा लेखापरीक्षण**: अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यक्रम कार्यान्वयन अनुदान बापत प्राप्त गरेको रकमको नेपाल सरकारको लेखा प्रणाली अनुसार लेखा राख्नुपर्नेछ र लेखापरीक्षण प्रचलित कानुनबमोजिम गर्नु पर्नेछ ।

२५. **सरकारी बाँकी सरह असुलउपर गरिने**: अनिवार्य तथा नि:शुल्क शिक्षा अनुदान प्राप्त गर्ने स्थानीय तहले सम्झौतामा तोकिएको शर्त विपरीत कार्य गरेमा वा कार्य सम्पन्न नगरी बिचमा कार्य छाडेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२६. **प्रचलित कानुन बमोजिम हुने**: यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयमा प्रचलित कानूनबमोजिम हुनेछ । साथै आर्थिक वर्ष २०८०/०८१ मा अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी भए गरेका कार्यहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

२७. **कार्यविधि संशोधन तथा परिमार्जन**: यस कार्यविधिमा उल्लेख भएका विषयहरूमा आर्थिक दायित्व पर्ने विषय क्षेत्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

बद्रीनाथ गैरे
प्रदेश सचिव

## अनुसूची -१

(दफा ५ (क) सँग सम्बन्धित प्रस्तावको ढाँचा)

१) स्थानीय तहको नाम: जिल्ला प्रदेश

ठेगाना:- ईमेल ठेगाना मोवाइल न

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

२) स्थानीय तहको संक्षिप्त परिचय:

३) वि.सं. २०७८ सालको राष्ट्रिय जनगणना अनुसार निम्न उमेर समूहको जनसंख्या विवरण

| क.स. | उमेर समूह | केटी | केटा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०-३ वर्ष उमेर पूरा भएको | | | | |
| २ | ४ वर्ष उमेर पुरा भएको | | | | |
| ३ | ५-९ वर्ष उमेर पूरा भएको | | | | |
| ४ | १०-१२ वर्ष उमेर पूरा भएको | | | | |

४) आ व २०८०।०८१ मा सम्वन्धित स्थानीय तहको शैक्षिक सूचकहरुको विवरण

| क.स. | उमेर समूह | सहजै देखिने भर्ना दर GER | खुद भर्ना दर NER | कैफियत |
|---|---|---|---|---|
| १ | बालविकास शिक्षा | | | |
| २ | आधारभूत तह कक्षा १ - ५ | | | |
| ३ | आधारभूत तह कक्षा ६ - ८ | | | |
| ४ | आधारभूत तह कक्षा १-८ | | | |

५) विद्यार्थी विवरण (२०८१ को Integrated Educational Management Information System, IEMIS का आधारमा)

क) प्रारम्भिक बालविकास तथा शिक्षा (ECD)

| ४ वर्षभन्दा कम उमेर समूह | | | ४ वर्ष उमेर पूरा भएका | | | ५ वर्षभन्दा माथिल्लो उमेरका | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| | | | | | | | | | |

ख) आधारभूत तह (कक्षा १-५)

| ५ वर्ष उमेर समूहका | | | ५-९ वर्ष उमेर समूहका | | | ९ वर्षभन्दा माथिल्लो उमेर समूहका | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |



बद्रीनाथ गैह्रे
प्रदेश सचिव

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

ग) आधारभूत तह (कक्षा ६-८)

| ९ वर्ष भन्दा कम उमेर समूहका | | | १०-१२ वर्ष उमेर समूहका | | | १२ वर्षभन्दा माथिल्लो उमेर समूहका | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| | | | | | | | | | |

५. लागत साझेदारी सम्बन्धी विवरण

| क्र.सं. | लागत साझेदारी गर्न चाहेको क्षेत्र | व्यहोर्न चाहेको रकम रु. | प्राविधिक सहयोग | कैफियत |
|---|---|---|---|---|
| | | | | |

पुनश्चः लागत साझेदारी गर्न चाहेको कार्यक्रमको क्षेत्र अनुसूची -२ बमोजिमको क्षेत्रलाई समेटेर राख्नु पर्नेछ ।

६) अनिवार्य तथा निशुल्क शिक्षा घोषणा कार्यान्वयन कार्ययोजना अनुसूची -२ का क्रियाकलापहरु समावेश हुने गरी वनाउने)

| क्र स | प्रस्तावित कार्यक्रम (के गर्ने) | समय सीमा (कहिले गर्ने) | अनुमानित वजेट (कति लागत) | वजेटको स्रोत (प्रदेश / स्थानीय सरकार / अन्य सङ्घ सस्था) | जिम्मेवार निकाय/ सस्था/ शाखा/ व्यक्ति (को) | अनुगमन सूचक | कै |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

कार्यक्रम सञ्चालन गर्दा आर्थिक साझेदारी बाहेक आवश्यकता अनुसार अन्य क्षेत्रमा साझेदारी गर्ने भएमा प्राविधिक सहयोग गर्ने भनी सो शब्द नै उल्लेख गर्नु पर्नेछ ।

माथि उल्लेखित विवरण ठिक छ

<u>तयार गर्नेः</u> | <u>प्रमाणित गर्नेः</u>

शिक्षा महाशाखा/शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावसँग देहायका कागजातहरु पेश गर्नुपर्नेछ ।

- सम्बन्धित गाउँ/नगर शिक्षा समितिले  कार्यक्रमको प्रस्ताव पेश गर्ने व्यहोरा भएको निर्णयको प्रतिलिपि
- अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने सम्बन्धित स्थानीय तहको प्रतिबद्धता सहितको निर्णय/पत्र
- १५-५९ उमेर समूहका निरक्षर नागरिकको विवरण
- सम्वन्धित स्थानीय तहको इमिस रिपोट

<u>कार्यालयको छाप</u>

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

अनुसूची -२

दफा'४ (ग) सँग सम्वन्धित

प्रस्तावित कार्यक्रमको क्षेत्रहरु

क) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी प्रचारप्रसार तथा घरदैलो अभियान

ख) अभिभावक चेतना कार्यक्रम

ग) विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरुको लगत संकलन (फाराम छपाई, कम्प्यूटर प्रविष्टि, प्रतिवेदन लगायत)

घ) विद्यालय बाहिर रहेका बालबालिकाहरु विद्यालयमा आई भर्ना भएकालाई विद्यालय पोशाक, झोला लगायत आवश्यक पर्ने सम्पूर्ण स्टेशनरी लगायतका सहायता

ङ) विद्यालयमा भर्ना भएका कक्षा ३ सम्मका विद्यार्थीहरुलाई नियमित मेन्टरिङ/काउन्सेलिङ

च) पूर्व प्राथमिक कक्षा (ECD) मा शिक्षण गर्ने शिक्षकहरुलाई मन्टेश्वरी तालिम

छ) कक्षा ३ सम्मका बालबालिकालाई लक्षित गरी बालमैत्री शिक्षण सामग्री तथा कक्षाकोठा व्यवस्थापन

ज) विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि सहयोग कार्यक्रम

झ) अनिवार्य तथा निःशुल्क शिक्षाकार्यक्रम योजना निर्माण, कार्यान्वयन अवस्था र प्रगति समीक्षा बैठक (वडा र स्थानीय तहस्तरमा)

ञ) कार्यक्रम अनुगमन सुपरिवेक्षण

ट) अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

# अनुसूची - ३

## सम्झौता पत्र

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा (यसपछि प्रथम पक्ष भनिएको) र ........................जिल्लाको ........................................... गाउँपालिका/नगरपालिका (यसपछि द्वितीय पक्ष भनिएको) बिच अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम सञ्चालनका लागि तपसिलका शर्तहरू पालना गर्ने गरी यो सम्झौता गरिदियौं/लियौं ।

क. प्रथम पक्षले पालना गर्नुपर्ने शर्तहरु:-

१. सम्झौता अनुसारको कार्यक्रम सञ्चालनका लागि तहाँ स्थानीय तहलाई अधिकतम रु. ............ अनुदान उपलब्ध गराइनेछ ।

२. स्थानीय तहलाई कार्यक्रम सञ्चालनका लागि सम्झौता भए पश्चात् पहिलो किस्तामा ७० प्रतिशतले हुन आउने रकम स्थानीय तहको खातामा अनुदान निकासा दिइनेछ बाँकी ३० प्रतिशतसम्मको रकम कार्य सम्पन्न गरेपछि बिल भरपाई बमोजिम स्थानीय तहको खातामा अनुदान रकम निकासा गरिनेछ ।

३. तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा अन्तिम किस्ता रकम निकासा दिन प्रथम पक्ष बाध्य हुने छैन ।

४. सम्झौता विपरीत कार्य गरेको पाइएमा प्रथम पक्षले जुनसुकै बेला यो सम्झौता रद्द गर्नेछ । सम्झौता रद्द भएमा दिइएको अनुदान रकम सम्वन्धित स्थानीय तहबाट फिर्ता गर्नु पर्नेछ ।

ख. दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरू:-

१. उल्लेखित अनुदान रकम दोस्रो पक्षले निम्न. शीर्षकमा खर्च गर्नु पर्नेछ:-

क) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी प्रचारप्रसार तथा घरदैलो अभियान

ख) अभिभावक चेतना कार्यक्रम

ग) विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरुको लगत संकलन (फाराम छपाई, कम्प्यूटर प्रविष्टि, प्रतिवेदन लगायत)

घ) विद्यालय बाहिर रहेका बालबालिकाहरु विद्यालयमा आई भर्ना भएकालाई विद्यालय पोशाक, झोला लगायत आवश्यक पर्ने सम्पूर्ण स्टेसनरी लगायतका सहायता

ङ) विद्यालयमा भर्ना भएका कक्षा ३ सम्मका विद्यार्थीहरुलाई नियमित मेन्टरिङ/काउन्सेलिङ

च) पूर्व प्राथमिक कक्षा (ECD) मा शिक्षण गर्ने शिक्षकहरुलाई मन्टेश्वरी तालिम



बद्रीनाथ गैरे
प्रदेश सचिव

छ) कक्षा ३ सम्मका बालबालिकालाई लक्षित गरी बालमैत्री शिक्षण सामग्री तथा कक्षाकोठा व्यवस्थापन

ज) विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि सहयोग कार्यक्रम

झ) अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम योजना निर्माण, कार्यान्वयन अवस्था र प्रगति समीक्षा बैठक (वडा र स्थानीय तहस्तरमा)

ञ) कार्यक्रम अनुगमन सुपरिवेक्षण

ट) अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा

२. सम्बन्धित शीर्षकमा छुट्याइएको रकम सम्बन्धित शीर्षकमा नै खर्च गर्नुपर्नेछ। तोकिएको शीर्षकमा तोकिएको रकम अपुग भई थप गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहले नै व्यवस्थापन गर्नुपर्नेछ ।

३. दोस्रो पक्षले .............................. हप्ताभित्र अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाको कार्य सम्पन्न गरी ..............................भित्र बिलभरपाई अनिवार्य रुपमा पेस गरिसक्नुपर्नेछ।

४. स्थानीय तहले सम्झौता भएको सात दिनभित्र कार्य प्रारम्भ गर्नु पर्नेछ ।

५. बुँदा नं. १ अनुसारका कार्यक्रमको कार्ययोजना निर्माण गरी स्थानीय तहले कार्यान्वयन गर्नु पर्नेछ ।

६. प्रभावकारी रूपमा कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ ।

७. स्थानीय तहको उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा सम्बन्धित वडाको वडाध्यक्ष सहित आवश्यक संख्यामा सदस्यहरु रहने गरी एक अनुगमन समिति गठन गर्नु पर्नेछ। यस समितिले अनुगमन योजना बनाई नियमित रूपमा पृष्ठपोषण दिने र कार्यसम्पन्न प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नु पर्नेछ ।

८. स्थानीय तहले कार्यक्रम सञ्चालन पूर्वको अवस्था र कार्यक्रम सम्पन्न भए पश्चात्को अवस्थाको विश्लेषण गरी कार्यक्रमको प्रभावकारिताको मूल्याङ्कन गरी अन्तिम प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नु पर्नेछ ।

९. नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजनिक खरिद ऐन, नियमावली तथा कार्यविधिअनुसार गर्नु गराउनुपर्नेछ ।

१०. खरिद भएका सामग्रीको जिन्सी दाखिला गर्ने, सामग्रीको उपयोग तथा सोको रेखदेख र उचित मर्मत सम्भार गर्ने कार्य स्वतः विद्यालयको ह ।

११. दोस्रो किस्ता माग गर्दा निम्न कागजातहरू पेस गर्नु पर्नेछः-

- सञ्चालन गरिएको कार्यक्रमको माइन्युट, बिल भरपाईको प्रमाणित प्रतिलिपि
- अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाको माइन्यूटको प्रमाणित प्रतिलिपि



बद्रीनाथ गैहे
प्रदेश सचिव

- सञ्चालन भएका क्रियाकलाप र खरिद गरी दाखिला गरिएका सामानहरूको विवरण
- कार्य सम्पन्न गर्दा गरेको सम्पूर्ण क्रियाकलापहरु समावेश गरी शीर्षकगत यथार्थ खर्च भएको रकम सहितको कार्य सम्पन्न प्रतिवेदन
- अनुगमन समितिको प्रतिवेदन ।

सम्झौता गर्ने व्यक्तिहरू

| शिक्षा विकास निर्देशनालयको तर्फबाट: | स्थानीय तहको तर्फबाट: |
| --- | --- |
| १. महानिर्देशकको नाम: | १ प्रमुख प्रशासकीय अधिकृतको नाम: |
| हस्ताक्षर.................................. | हस्ताक्षर.............................. |
| २. निर्देशक, योजना हेर्ने महाशाखा | २. शिक्षा शाखा/ महाशाखा प्रमुखको |
| नाम: | नाम |
| हस्ताक्षर | हस्ताक्षर |

कार्यालयको छाप:

सम्झौता सम्पन्न भएको मिति: ................ /...../.....

बद्रीनाथ गैरे
प्रदेश सचिव